February 4, 2025 Tuesday

## National News

<u>प्रमुख समाचार-</u>

1. प्रधानमन्त्री नरेन्द्र मोदीले उहाँको सरकारले गरीब- गुर्बाहरूमा कल्याणका लागि कैयौं पाईलाहरू चाल पछी 25 करोड़ मानिसहरू गरीबी देखि माथि उठेको भन्नुभएको छ।
2. भारतले विगत दस वर्षहरूमा मोबाई र इलेक्ट्रोनिकी वितिमणीको क्षेत्रमा महत्वपूर्ण प्रगति गरेको इलेक्ट्रोनिकी र सुचना प्रौद्योगिकी मन्त्री अश्विणी वैष्णवले भन्नुभएको छ।
3. दिल्लीमा भोलि 70 सदस्यहरू भए विधानसबा चुनाउलाई सचारू रूपमा सम्पन्न गराउन सबै तयारीहरू गरिएका छन्।
4. आज विश्व क्यान्सर दिवस हो।
5. देहरादूनमा अड़तीसौं राष्ट्रिय खेलहरूमा बैडमिन्टनको महिला सिङ्गलसको खिताब अनमोल खरवले जीतेकी छिन।

<u>प्रधानमन्त्री धन्यवाद प्रस्ताव</u>

प्रधानमन्त्री नरेन्द्र मोदीले आज भन्नुभएको छ, उहाँको सरकारले गरीब- गुर्बाहरूका कल्याणका लागि कैयन पाईलाहरू चालेको छ।जसको परिणामस्वरूप २५ करोड़ मानिसहरू गरीबी देखि माथि उठेका छन्। उहाँले भन्नुभयो सरकारको प्रतिबद्धता, समर्थण र कड़ा मेहनतले गर्दा नै यो संभव हुनककेको छ। प्रधानमन्त्रीले सरकार, राजकोषीय विवेकको पालना गर्दै, विकासका लागि काम गरि रहेको भन्नुभयो। श्री मोदी आज लोकसभामा संसदको संयुक्त बैठकमा राष्ट्रपतिको अभिभाषण माथि धन्यवाद प्रस्ताव बारे चर्चाको जवाव दिँदै हुनुहुन्थ्यो।

राष्ट्रपतिको अभिभाषणको प्रशंसा गर्दै प्रधानमन्त्रीले भन्नुभयो यो प्रेरणादायक हो र यसले सरकारको विकसीत भारतमा प्रयासहरूलाई बल दिएको छ।

सरकारले गरेका उपायहरू माथि प्रकाश हालै प्रधानमन्त्रीले भन्नुभयो गरीबहरूलाई चार करोड़ घरहरू दिइएका छन् अनि देश भरिमा 12 करोड़ शौंचालयहरू बनाइएका छन् जसले गर्दा करोड़ौं मानिसहरू, विशेषगरि महिलाहरूको जीवन सजिलो भएको छ। उहाँले भन्नुभयो, जल जीवन मिशन अन्तर्गत, गरीबहरूलाई 12 करोड़ भन्दा बढ़ि कलबाट पानीको कनेक्शन दिइएको छ जसले गर्दा जल जनित रोगहरू फैलिनमा कमी आएको छ। उहाँले भन्नुभयो, लाभार्थीहरूका पहिचानका साथ तीन लाख करोड़ रूपियाँको बचत भएको छ।

श्री मोदीले भन्नुभयो हालमा सरकारले 12 लाख रूपियाँ सम्मको आयकर छूटको घोषणा गरेको छ जुन मध्यम वर्गको वित्तीय स्थिति लाई मजबूत गर्ने दिशामा एक ठूलो कदम हो।

## लोक सभा सटार्ट अप

सरकारले उद्योग संवर्धन र आंतरिक व्यापार विभागद्वारा मान्याता प्राप्त स्टार्टअपहरूको संख्या पछिल्लो वर्षको अन्त्यसम्म एक लाख संतानव हजार भन्दा बढ़ि भएको भनेको छ।
वाणिज्य र उद्य़ोग राज्य मन्त्री जितिन प्रसादले आज लोसकमभामा एक लिखित जवाफमा यो जनाकारी दिदै सरकारले 2016मा स्टार्टअफ इण्डियाको थालनी सितै यसको प्रभावी कार्यन्वयनका लागि कैयन पहलहरू गरेको भन्नुभएकोछ।

## वैष्णव –मोवाइल विनिर्माण

भारतले विगत दस वर्षसम्म मोबाइल र इलक्ट्रनिकी विनिर्माण को क्षेत्रमा महत्वपूर्ण प्रगति गरेको छ इलेक्ट्रानिकी  र सूचना प्रोध्योगिकी मन्त्री अश्विणी वैष्णले सोशल मीडियामा एउटा पोष्टमा को भन्नुभएको छ भने देशमा वर्ष 2014मा मात्र दुई मोबाइल विनिर्माण एकाईहरू थिए भने आज तीन सय भन्दा बढ़ि एकाईहरू भएका छन्।
श्री वैष्णवले भन्नुभयो, मोबाईल फोन विनिर्माण को मूल्य, वित्त वर्ष 2014 को 18 हजार 900 करोड़ रूपियां देखि बढेर वित्त वर्ष 2024मा चार लाख 22 हजार करोड़ रूपियाँ भएको छ। मन्त्री महोदयले भन्नुभयो भारतमा पहिल्लो दशक मोवाईल फोन वितिमणिको क्षेत्रमा 12 लाख प्रत्यक्ष र अप्रत्य़क्ष नौकरीहरू निम्ति भएको छ ।श्री लैष्णवले भन्नुभयो मेक इन इण्डिया पहलले आत्मनिर्भरता तथा उत्पादनलाई बढवा दिइरहेको छ र यसले रोजगार सृजन भई रहेको छ।

## दिल्ली मतदान

दिल्लीमा भोलि 70 सदस्यहरू भएको विधानसभा चुनाउलाई सुचारू रूपमा संपन्न गराउनका लागि सबै तयारीहरू गरिँदैछ।
मतदान बिहान 7 बजे देखि लिएर साँझ ६ बजे सम्म हुनेछ। एक करोड़ ५६ लाख भन्दा बढ़ि मतदाताहरूले ६ सय निनानब्बे उम्मेदवारहरूको भाग्यको फैसला गर्नेछन्।
मतगनना, शनिवार हुनेछ।
चुनाव आयोगले विधानसभा चुनाउका लागि१ लाख ८० हजार भन्दा बढ़ी कर्मीहरूलाई तैनाथ गरेको छ। चुनावको बेला,आदर्श संहिताको उल्लंघनको आरोपमा २ सय २० करोड़ रूपियाँ भन्दा बढ़िको नगद, रक्सी, लागू पदार्थ, उपहार अनि महंगो धातुहरूलाई जप्त गरिएको छ।

## विश्व क्यान्सर दिवस

आज विश्व क्यान्सर दिवस हो। क्यान्सरबारे रजागरूकता बढ़ाउनु अनि यसको रोकथाम पहिचान र उपचारलाई प्रोत्साहित गर्नका लागि ४ फरवरीका दिन यो दिवस मनाइने गरिन्छ। यस वर्षको विषय हो 'यूनाइटेड वाय यूनिक' ।

नयाँ दिल्ली सित एम्सका ऑन्कोलॉजी विभागका प्रोफेसर, डा. एम. डी रे ले आकाशवाणी समाचारसितको विशेष कुराकानीमा क्यान्सर, उपचार नहुनसक्ने बीमारी होईन भन्नुभयो। उहाँले भन्नुभयो- मानिसहरूलाई आफ्नो स्वास्थ्यको नियमित जाँच गराई बस्नु पर्छ अनि क्यान्सरबाट बचाउका लागि सावधानी स्वरूप पाइलाहरू चाल्नु पर्नेछ।

## सिक्किम बीजेपी

भारतीय जनता पार्टीको सिक्किम एकाईले प्रधानमन्त्री नरेन्द्र मोदी तथा केन्द्रिय पर्यवरण मंत्री भूपेन्द्र यादवलाई पत्र लेखेर विवादाष्पद टिस्टा जलविधुत परियोजनाको तेस्रो चरणलाई दिइएको मंजूरीको तत्कालै पुर्नमुल्यांकन गरिने आग्रह गरेको छ।
सिक्किम भाजपा अध्यक्ष डी आर थापाले पत्रमा वैज्ञानिक पुर्नमूल्यांकनको कमी र परियोजनासित जोड़िएका संभावित पर्यवरणीय जोखिमहरूबारे चिन्ता व्यक्त गर्नुभएको छ।
पार्टीले तीनवटा प्रमुख मागहरू गरेको छ जसमा सबै लंबित वैज्ञानिक अध्ययनहरू पूरा न हुनइजेल परियोजनालाई स्थगित गर्ने, संभावित अत्यधिक बाढ़िको संशोधित मूल्यांकन अनि निष्कर्षहरूको स्वतंत्र सत्यापन शामेल छ।

## राष्ट्रिय खेल

देहरादूनमा अड़तीसौं राष्ट्रिय खेलहरूमा बैडमिन्टनको महिला सिंगल्सको खिताब, अनमोल खरवले जीतेकी छिन्। फाइनलमा हरियाणाकी अनमोलले शीर्ष वरीपता प्राप्त अनुपमा उपाध्यायलाई एक्काइस सोरह, बाईस-बीसले पराजित गरि स्वर्ण पदक प्राप्त गरिन्।

## पंजाब जेल ओलम्पिक

पंजाबमा जेल ओलम्पिक २०२५आज पटियालाको सेंट्रल जेलमा शुरू भएको छ। कार्यक्रमको उद्घाटन परियाला जेल अधीक्षक वरूण शर्माले गर्नुभयो।
राज्यकमा २५ जेलहरूमा, महिलाहरू समेत कैहीहरूले भलिबल , कबड्डी, रस्सी तान्ने, एथलेटिक्स, बैडमिन्टन र शॉट्पुट जस्ता विभिन्न प्रतियोगिताहरूमा भाग लिइरहेको यो पहिलो पटक हो।
यसपछि अन्तर क्षेत्र स्तरमा प्रतित्पर्धा हुनेछ। ओलम्पिकको फाइनल १५ र १६ मार्चमा हुनेछ।